# सवारी साधन खरिद सम्बन्धी बोलपत्र आब्हानको सुचना

(प्रथम पटक सुचना प्रकाशित मिति २०७६।०२।०५ )

यस कोषको लागि १०५० देखि १२०० सिसि सम्मको ३ (तिन) थान सवारी साधन आवश्यक भई शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नूपर्ने भएको हूंदा उक्त सवारी साधन आपुर्ति गर्न इच्छूक निर्माता□कम्पनी□अधिकृत विक्रेताबाट कोषले तोकेको शर्तहरूको अधिनमा रही सवारी साधन आपुर्तीको लागि प्राविधिक तथा आर्थिक प्रस्तावको छू□ छूौ□ शिलवन्दी बोलपत्र पेश गर्नू हून यो सुचना प्रकाशित गरिएको छ ।

**बोलपत्र सम्बन्धी शर्तहरुः-**

१. शिलबन्दी गरी पेश गर्नु पर्ने वोलपत्र फाराम र सो सम्बन्धी अन्य आवश्यक कागजात खरिद गर्नका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन भित्र इच्छुक निर्माता/कम्पनी/अधिकृत विक्रेताहरुले कार्यालय समय भित्र यस नागरिक लगानी कोषको प्रशासन महाशाखाबाट वोलपत्र दस्तुर वापत नगद रु.३,०००।- (फिर्ता नहुने गरी) कोषको नयां बानेश्वर स्थित हिमालयन बैंक लिमिटेडको चल्ती हिसाव नं.०२७०००४८८३००३९ मा जम्मा गरेको सक्कल भौचर बुझाई प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी वोलपत्र साथ इच्छुक निर्माता/कम्पनी/अधिकृत विक्रेताले अधिकृत विक्रेताको प्रमाण-पत्र, वाणिज्य विभागको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, एजेन्सी दर्ता प्रमाण-पत्र र २०७४।०७५ को कर चुक्ताको प्रमाण-पत्र को प्रतिलिपि पेश गर्नुपर्ने छ ।

३. प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे भित्र यस कोषको प्रशासन महाशाखामा दर्ता गराई सक्नु पर्ने छ र दर्ता भएको शिलबन्दी वोलपत्रहरु सोहि दिनको १:०० बजे खोलिने छ । शिलबन्दी वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित हुनु पर्ने छ । तर उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. शिलबन्दी वोलपत्र फाराममा दररेट अङ्क र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषमा निहित रहने छ ।

६. उल्लेखित कुराहरुको अतिरिक्त अन्य कुराहरु आपूर्ति कर्ता र यस कोष बीच हुने सम्झौतामा उल्लेख भए वमोजिम हुने छ । बाँकी अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र कोषको आर्थिक विनियमावली तथा खरिद विनियमावली तथा अन्य प्रचलित कानून वमोजिम हुने छ ।

**नागरिक लगानी कोष**
**प्रशासन महाशाखा**
**नयांबानेश्वर, काठमाडौ ।**
**फोनं. ०१-४७८३७९९ ,४७८५३२१**